नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय काठमाडौँ
काठमाडौँ

मिति २०७९/१२/२३

## सूचना ! सूचना !! सूचना !!!

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (District Covid-19 Crisis Management Center) काठमाडौंको आज बसेको वैठकले गरेको निर्णय अनुसार कोभिड-१९ को नयाँ भेरिएन्टको संक्रमण दर बढ्दो क्रममा रहेको सन्दर्भमा यसको रोकथाम र नियन्त्रणलाई थप प्रभावकारी बनाउन देहाय बमोजिम गर्नु/गराउन हुन सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

१. कोभिड -१९ नियन्त्रणको लागि सबै व्यक्तिबाट स्वास्थ्य मापदण्डको पालना गर्ने/गराउने। यसका लागि सार्वजनिक यातायातका साधन तथा बढी भिडभाड हुने स्थानहरुमा मास्क एवं स्यानिटाइजरको प्रयोग गर्ने, एक अर्कामा भौतिक दुरी कायम राख्ने, व्यक्तिगत सरसफाई लगायत स्वास्थ्य मापदण्डको पालना गर्ने/गराउने । साथै, यस सम्वन्धी संदेशमूलक प्रचार सामग्रीहरु जिल्ला स्वास्थ्य कार्यलय र स्थानीय तहको समन्वयमा तयार गरी प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

२. सार्वजनिक यातायात सञ्चालकले सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, चालक दल र सबै यात्रुले अनिवार्य रुपमा मास्क लगाउने, सवारी साधनमा यात्रुलाई उपलब्ध हुन सक्ने गरी स्यानिटाइजरको व्यवस्था गर्ने र प्रत्येक दिन निसङ्क्रमित (डिसइन्फेक्ट) गरेर मात्र सवारी साधन चलाउने। सार्वजनिक सवारीमा स्वास्थ्यका मापदण्ड पालना गर्ने/गराउने दायित्व सम्वन्धित सञ्चालकको हुने।

३. जिल्ला स्थित सबै सरकारी कार्यालय, विद्यालय, लगायत अन्य निजी संघ/संस्थाहरुले नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण परिपालना गर्ने व्यवस्था मिलाउने।

४. उद्योग एवं कलकारखानाहरु सञ्चालन गर्दा स्वास्थ्य मापदण्डको पालना गर्ने/गराउने। साथै, कामदार/कर्मचारीको समय समयमा एण्टीजेन, न्यापिड एण्टीजेन तथा कोभिड-१९ परीक्षण गर्ने/गराउने र व्यवसाय परिसर निसङ्क्रमित (डिसइन्फेक्ट) गर्ने।

५. जिल्ला स्वास्थ्य कार्यालयले कोभिड-१९ विरुद्धको खोप अभियानलाई स्थानीय तहसँगको समन्वयमा प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

२०७९/१२/२३

देवी पाण्डे (खत्री)
सहायक प्रमुख जिल्ला अधिकारी

देवि पाण्डे (खत्री)
सहायक प्रमुख जिल्ला अधिकारी

कार्यालयको ठेगाना: बबरमहल, काठमाडौं
फोन नं.०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५फ्याक्स नं.०१-४२६२८२८
इमेल:daobabarmahal@gmail.com